**निर्णय नं.-१**
विधायन समितिले पारित गरी पेश गरेको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि,२०७७ स्वीकृत गर्ने ।

**निर्णय नं.-२**
शान्तिनगर गाउँपालिकाबाट भएका निर्णय तथा कामका विषयमा सूचना प्रवाह गर्दा व्यवस्थित र एकद्वार प्रणालीबाट गर्नु पर्ने भएकोले वडा नं ३ का वडा अध्यक्ष मिन बहादुर के. सी.लाई यस गाउँपालिकाको प्रवक्ता तोक्ने ।

**निर्णय नं ३**
गत आ व मा संघीय ससर्शत बजेटबाट यस गाउँपालिकाको वडा नं १ को बान्द्रेखोलामा झोलङ्गे पुल निर्माणको लागि ठेक्का नं २३SRM।MCB २०७८।०७९ मार्फत स्टिल पार्ट सप्लाई गर्ने सिद्धार्थ ईन्जिनियरिङ वर्क्स कम्पनी बाँके र यस कार्यालय बीच २०७९।०२।११ मा सम्झौता भई कार्यादेश दिईएकोमा उक्त कम्पनीले ठेक्काको म्याद मिति २०७९।०३।११ सम्म सामान सप्लाई नगरेको, कुनै सम्पर्कमा पनि नआएको र मौखिक रुपमा सोधि खोजि गर्दा पनि कुनै स्पष्ट जवाफ नदिएको कारणले उक्त ठेक्कको लागि सम्झौता रकम १८४२७०२। बजेट रकम फ्रिज भई गएकोले कम्पनीलाई कारवाहीको लागि प्रस्ताव पेश भई आएको हुँदा सो सम्बन्धमा उक्त ठेक्का सम्झौता रद्द गरी धरौटी जफत लगायतका आवश्यक कारवाही गर्ने ।

**निर्णय नं ४**
यस कार्यालयबाट मिति २०७९।०३।२७ गते प्र।काशित रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना अनुसार रोजगार सहायकको पदपूर्तिको लागि सिफारिस गर्न **स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति मापदण्ड, २०७८** को दफा ३ को खण्ड (ख) मा भएको व्यवस्था बमोजिम शिक्षा अधिकृत सुमन पाण्डेलाई विषय विज्ञको रुपमा तोक्ने ।

**निर्णय नं.५**
यस गाउपालिकाको लागि आवश्यक रहेको क्षमता विकास योजना निर्माणको लागि कार्यापालिकाबाट नीतिगत स्वीकृति प्रदान गरिए अनुसार प्रदेश प्रशिक्षण प्रतिष्ठान नेपालगंजको आर्थिक सहयोगमा स्थानीय स्वशासन सहयोग मञ्च नेपाल प्रा.ली. काठमाण्डौंले तयार गरी पेश गरेको शान्तिनगर गाउँपालिकको क्षमता विकास योजना, २०७८।०८९ स्वीकृत गर्ने ।

**निर्णय नं ६**
यस गाउँपालिका अन्तर्गत वडा २ को बौलाहखोला स्थित हावाखाने डाँडामा सिँचाई ड्याम निर्णमा गरी वडा नं २, ३, ४, ५ र ६ लाई प्रयाप्त सिँचाई सुविधा उपलब्ध गराउनको लागि आ ब को विनियोजनित बजेट बाट डि पि आर निर्माण गर्न यस कार्यलय र क्यानभास ईन्जिनियरिङ कल्सन्टेन्सी प्रा.ली. ललितपुर बीच सम्झौता भएको र उक्त कम्पनीले सम्झौता अनुसारको कार्य सम्पन्न गरी अन्तिम प्रतिवदेन पेश गरेकोले जम्मा रु.१७६७८२०००।– (भ्याट सहित) लागत खर्चको उक्त डि पि आर स्वीकृत गर्ने ।

**निर्णय नं.७**
बाघमारे स्वास्थ्य चौकीको च.नं.८४ मिति २०७९।०३।०३ को पत्रबाट सुरक्षित गर्भपतन सेवाका लागि स्वास्थ्य संस्था तथा स्वास्थ्य कर्मी सूचीकरण गरिदिनु हुन भनी अनुरोध भई आएकोले सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका, २०७८ को दफा १४ को खण्ड (क) मा भएको व्यवस्था बमोजिम बाघमारे स्वास्थ्य चौकीलाई सुरक्षित गर्भपतन सेवाका लागि सूचीकरण गर्ने । साथै स्वास्थ्यकर्मी सूचीकरणको हकमा निर्देशिकाको दफा १२ को खण्ड (क) अनुसार आवश्यक प्रक्रृया पूरा गरी कार्यालयबाट सूचीकरण गरिदिने ।

**निर्णय नं ८**
नेपाल सरकारको विषेश अनुदानबाट शान्तिनगर गाउँपालिकाको वडा नं १ स्थित वीरेन्द्र मा वि खिलतपुर मा खानेपानी सुधार योजनाको लागि १ करोड बजेट बिनियोजन भई आएको सम्बन्धमा उक्त योजनाको नाममा फरक पर्न गएकोले तपशिल अनुसार योजनाको नाम संशोधनको लागि सम्बन्धित निकायमा अनुरोध गरी पठाउने ।

**तपशिलः**

१. बगिया गुण्डले बीरेन्द्र मा वि खिलतपुर लिफ्ट खानेपानी योजना ।

**निर्णय नं ९**

शान्तिनगर गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्नु पर्ने भएको र हाल गाउँपालिका रहेको स्थानमा उपयुक्त र प्रयाप्त जग्गा नभएको हुँदा अन्य स्थानमा उपयुक्त र प्रयाप्त जग्गा एकिन गरी १५ दिनभित्र प्रतिवेदन पेश गर्ने गरी तपशिल बमोजिमको कार्यदल गठन गर्ने ।

तपशिलः

१. संयोजक श्री प्रेमा कुमारी बुढाथोकी उपाध्यक्ष शान्तिनगर गाउँपालिका
२. सदस्य श्री सुनिल ओली २ नं वडा अध्यक्ष
३. सदस्य श्री मिन बहादुर के सी ३ नं वडा अध्यक्ष
४. सदस्य श्री गोमान बहादुर वली ४ नं वडा अध्यक्ष
५. सदस्य श्री रञ्जिता बोहरा कार्यपालिका सदस्य

**निर्णय नं.१०**

प्रस्ताव नं ७, मा छलफल गर्दा शान्तिनगर गाउँपालिकाको आर्थिक वर्ष २०७८।०७९ मा भएको तपशिल अनुसारको प्रगति विवरण प्रस्तुत भयो । उक्त खर्च प्रगति स्वीकृत गर्ने ।